# ड्युओ बहु-घटक प्रमाणीकरण दर्ता र प्रयोग

दर्ता
प्रमाणीकरण
विशिष्ट उपकरणहरू
उपकरणहरूको व्यवस्थापन

## बहु-घटक प्रमाणीकरण

युमासले ड्युओलाई एउटा बहु-घटक प्रमाणीकरण सेवा प्रदायकका रूपमा चयन गरेको छ र छनोट गरिएका आइटि सेवाहरूमा सुरक्षा वृद्धि गर्नका लागि कार्यान्वयन गर्दैछ।

बहु-घटक प्रमाणीकरण सेवाको सामान्य सिंहावलोकनका लागि हेर्नुहोस्:
https://www.umass.edu/it/authentication

ड्युओ उत्पादनको सिंहावलोकनका लागि होर्नुहोस्: https://guide.duo.com/

---

**सपोर्ट गर्ने ब्राउजरहरू:**

क्रोम, फायरफक्स, सफारी, इन्टरनेट एक्सप्लोरर ८ वा पछि, र ओपेरा

---

## ड्युओमा दर्ता हुनुहोस्

ड्युओ समर्थ सेवामा तपाईँले प्रमाणीकरण गर्दा ड्युओले तपाईँसँग दोस्रो घटकको माग गर्छ। तलका चरणहरूले दोस्रो घटकका रूपमा काम दिने उपकरण (फोन, ट्याब्लेट वा ल्यान्डलाइन) लाई दर्ता गर्ने प्रक्रियाको विवरण दिन्छन्।

| |
|---|
| **चरण १:**<br><br>https://multifactor.umass.edu मा जानुहोस्। |
| **चरण २:**<br><br>आफ्नो नेडआइडि र पासवर्डले लग इन गर्नुहोस्। |
| **चरण ३:** |

तपाईँलाई "बहु-घटक अकाउन्ट व्यवस्थापन (Multi-Factor Account Management)" शीर्षक भएको पृष्ठमा लगिनेछ। ड्युओमा उपकरण दर्ता गर्ने प्रक्रिया सुरु गर्नका लागि "जारी राख्नुहोस् (Continue)" मा क्लिक गर्नुहोस्।

**चरण ४:**

"आफ्नो मासाचुसेट्स युनिभर्सिटी एमहर्स्ट अकाउन्ट सुरक्षित पार्नुहोस् (Protect your University of Massachusetts Amherst Account" पृष्ठमा "सेटअप सुरु गर्नुहोस् (Start Setup)" मा क्लिक गर्नुहोस्।

**चरण ५:**

आफूले ड्युओसँग प्रयोग गर्न चाहेको उपकरण छनोट गर्नुहोस् र "जारी राख्नुहोस् (Continue)" मा क्लिक गर्नुहोस्।

**चरण ५क:**

**मोबाइल फोनहरूका लागि:**

1. आफ्नो उपकरणको फोन नम्बर राख्नुहोस्।
2. आफ्नो उपकरणको फोन नम्बर प्रमाणित गर्नका लागि छनोट बाकसमा चिनो लगाउनुहोस् र "जारी राख्नुहोस् (Continue)" मा क्लिक गर्नुहोस्।
3. आफूले दर्ता गर्न चाहेको फोन (आइफोन, एन्ड्रोइड, विन्डोज फोन, अन्य) मा क्लिक गरेर "जारी राख्नुहोस् (Continue)" क्लिक गर्नुहोस्।
4. तपाईँले दर्ता गरेको प्रकारको उपकरणका लागि ड्युओ मोबाइल एप्लिकेसन इन्स्टल गर्नुहोस्, विशेष उपकरणहरू (Specific Devices) खण्ड हेर्नुहोस् वा स्क्रिनमा देखिने निर्देशनहरू पालना गर्नुहोस्।
5. **चरण ६** मा जानुहोस्।

**चरण ५ख:**

**ट्याब्लेटहरूका लागि:**

1. आफूले राख्न खोजेको ट्याब्लेट (एन्ड्रोइड वा आइओएस) छनोट गर्नुहोस् र "जारी राख्नुहोस्(Continue)" मा क्लिक गर्नुहोस्।
2. तपाईँले दर्ता गरेको प्रकारको उपकरणका लागि ड्युओ मोबाइल एप्लिकेसन इन्स्टल गर्नुहोस्, विशेष उपकरणहरू (Specific Devices) खण्ड हेर्नुहोस् वा स्क्रिनमा देखिने निर्देशनहरू पालना गर्नुहोस्।
3. **चरण ६** मा जानुहोस्।

**चरण ५ग:**

**ल्यान्डलाइनहरूका लागि:**

1. ल्यान्डलाइनको फोन नम्बर राख्नुहोस् (एरिया कोडसहितको पूरा नम्बर)
2. तपाईँले भर्खर राखेको फोन नम्बर प्रमाणित गर्नका लागि छनोट बाकसमा चिनो लगाउनुहोस्।
3. "जारी राख्नुहोस् (Continue)" मा क्लिक गर्नुहोस् ।
4. **चरण ८** मा जानुहोस्।

**चरण ६:**

तपाईँले एप इन्स्टल गरिसकेपछि, आफ्नो कम्प्युटर स्क्रिनमा भएको दर्ता डाइगलमा फर्किनुहोस् र "मसँग ड्युओ मोबाइल छ (I have Duo Mobile)" मा क्लिक गर्नुहोस्।

**चरण ७क:**

**क्युआरकोडले ड्युओ मोबाइल एक्टिभेट गर्नुहोस्:**

आइफोन, एन्ड्रोइड, र विन्डोज फोनका लागि ड्युओ मोबाइल एपभित्रै बनेको स्क्यानरद्वारा क्युआर कोड स्क्यान गरेर ड्युओ मोबाइल एप एक्टिभेट गर्नुहोस्।

1. आफ्नो उपकरणमा ड्युओ मोबाइल एप्लिकेसन खोल्नुहोस्।
2. ड्युओ मोबाइल एप्लिकेसनमा, "+" आइकनमा ट्याप गर्नुहोस्।
3. तपाईँको कम्प्युटर स्क्रिनमा देखिएको "एक्टिभेट ड्युओ मोबाइल (Activate Duo Mobile)" डाइलग बाकसमा प्रदर्शित क्युआर कोड आफ्नो उपकरणले खिच्नुहोस्।
4. तपाईँले क्युआर कोड खिचीसकेपछि तपाईँको कम्प्युटर स्क्रिनमा देखिने "एक्टिभेट ड्युओ मोबाइल" डाइलग बाकसको "जारी राख्नुहोस् (Continue)" बटन हाइलाइट भएको देखिनेछ।
5. "जारी राख्नुहोस् (Continue)" क्लिक गर्नुहोस्।
6. अब तपाईँको मासाचुसेट्स युनिभर्सिटी एमहर्स्ट अकाउन्ट ड्युओ मोबाइल एप्लिकेसनमा सूचीकृत भएको हुनुपर्नेछ।
7. **चरण ८** तिर लाग्नुहोस्।

**चरण ७ख:**

**इमेलद्वारा ड्युओ मोबाइल एक्टिभेट गर्नुहोस्:**

यदि तपाईँले क्युआर कोड खिच्न सक्नुहुन्न भने, तपाईँले इमेलद्वारा ड्युओ मोबाइल एप्लिकेसन एक्टिभेट गर्न सक्नुहुन्छ।

1. "वा, सट्टामा मलाई एक्टिभेसन लिङ्क इमेल गरियोस् (Or, have an activation link emailed to you instead)" मा क्लिक गर्नुहोस्।
2. आफ्नो उपकरणमा हेर्न मिल्ने इमेल ठेगाना राख्नुहोस्।

3. "इमेल पठाउनुहोस् (Send email)" मा क्लिक गर्नुहोस्।
4. आफ्नो युमास इमेलमा लगइन गर्नुहोस् र तपाईँलाई ड्युओ सुरक्षाबाट पठाइएको इमेल पत्ता लगाउनुहोस्। (**नोट:** आफूले दर्ता गर्न चाहेको उपकरण र जसमा तपाईँले भर्खरै ड्युओ मोबाइल एप इन्स्टल गर्नुभएको छ, त्यसमा तपाईँले निम्नलिखित चरणहरू पालना गर्नुपर्ने हुन्छ)
5. आफ्नो उपकरममा इमेलमा पठाइएको लिङ्कमा ट्याप गर्नुहोस्।
6. ड्युओ मोबाइलमा पृष्ठ खोल्नका लागि "खोल्नुहोस् (Open)" मा ट्याप गर्नुहोस्। **नोट:** तपाईँले प्रयोग गरेको उपकरण अनुसार यो चरण भिन्न हुनसक्छ।
7. ड्युओ मोलाइल एप्लिकेसन स्वत: खुल्नु पर्नेछ, तपाईँको मासाचुसेट्स युनिभर्सिटी एमहर्स्ट इमेल अब ड्युओ मोबाइल एप्लिकेसनमा सूचीकृत हुनु पर्नेछ।
8. आफ्नो कम्प्युटर स्क्रिनको "इमेलद्वारा ड्युओ मोबाइल एक्टिभेट गर्नुहोस्" डाइलगमा फर्किनुहोस् र त्यहाँ रहेको "जारी राख्नुहोस् (Continue)" बटन हरियो हाइलाइट भएको हुनुपर्नेछ।
9. "जारी राख्नुहोस् (Continue)" मा क्लिक गर्नुहोस्।
10. **चरण ८** तिर लाग्नुहोस्

**चरण ८:**

तपाईँलाई "मेरा सेटिङहरू र उपकरणहरू (My Settings & Devices)" शीर्षक भएको पृष्ठमामा पुन:प्रेषित गरिएको हुनुपर्छ। यस पृष्ठमा तपाईँले:

- "उपकरण विकल्पहरू (Device Options)" अन्तर्गत आफ्नो उपकरणको नाम परिवर्तन गर्न सक्नुहुनेछ।
- यदि तपाईँले ड्युओ मोबाइल एप्लिकेसन अन्तर्गत "उपकरण विकल्पहरू"बाट आफ्नो अकाउन्ट डिलिट गर्नुभएको छ भने ड्युओ मोबाइल रिएक्टिभेट गर्न सक्नुहुन्छ।
- प्रमाणीकरणका लागि चाहेको डिफल्ट उपकरण परिवर्तन गर्न सक्नुहुन्छ।
- डिफल्ट प्रमाणीकरण विधि स्थापित गर्न सक्नुहुन्छ।

यदि कुनै परिवर्तनहरू गर्नुहुँदैछ भने "सेभ (Save)" मा क्लिक गर्न निश्चित हुनुहोस्।

जब तपाईँले सेटिङहरूमा सम्पादनको काम सक्नुहुन्छ "लगइन गर्न जारी राख्नुहोस्(Continue)" मा क्लिक गर्नुहोस्।

तपाईँले निम्न सन्देश देख्न सक्नुहुनेछ: "दर्ता सफल (Enrollment successful)!"

**चरण ९:**

तपाईँ अब ड्युओ मोबाइल उपकरणद्वारा युमास एमहर्स्ट सेवामा तलका मध्ये कुनै पनि प्रमाणीकरण विधिहरू प्रयोग गरेर प्रमाणीकरणका लागि स्थापित हुनुभयो।

- पुस (push) सुचनाहरू

- फोन कल
- पासकोड

ड्युओको प्रयोग गरेर युमास एमहर्स्ट ड्युओ-समर्थ सेवाहरूमा कसरी प्रमाणीकरण गर्ने भन्ने निर्देशनहरूका लागि तलको खण्ड हेर्नुहोस्।

## ड्युओसँग प्रमाणीकरण

| |
|---|
| **चरण १:**<br>कुनै वेब ब्राउजर खोल्नुहोस् र आफूले प्राप्त गर्न चाहेको सेवामा जानुहोस्। |
| **चरण २:**<br>आफ्नो नेटआइडि र पासवर्ड उपयुक्त स्थानमा राख्नुहोस् र "साइन-इन (Sign In)" मा क्लिक गर्नुहोस्। |
| **चरण ३:**<br>तपाईँलाई एउटा डाइलग प्रम्प्टमा निर्देशित गरिनेछ जसले तपाईँलाई आफ्नो पहिचान कसरी प्रमाणीकरण गर्ने भन्ने कुरा छनोट गर्न दिनेछ। यसलाई ड्युओ **प्रमाणीकरण प्रम्प्ट** भनिन्छ : |




**चरण ४:**

आफूले प्रमाणीकरण गर्न चाहेको उपकरण छनोट गर्नुहोस्।

**नोट:** यदि तपाईँका एक भन्दा बढी उपकरणहरू ड्युओमा दर्ता भएका छन् भने, तपाईँले प्रमाणीकरणका लागि प्रयोग गर्न चाहेको उपकरण छनोट गर्न एउटा ड्रप-डाउन मेन्यु हुनेछ।

| |
|---|
| **चरण ५:**<br><br>तपाईँलाई निम्नबाट "प्रमाणीकरण विधि छनोट गर्नुहोस् (Choose an authentication method)" का लागि प्रम्प्ट हुनेछ।<br><br>• ड्युओ पुस<br>• कल मि<br>• पासकोड |
| **चरण ५क:**<br><br>**मोबाइल उपकरणद्वारा ड्युओ पुस**<br><br>"मलाई पुस पठाउनुहोस् (Send me a Push)" छनोट गर्नुहोस्<br><br>ड्युओमा दर्ता गरेको मोबाइल उपकरणमा तपाईँले प्राप्त गर्न चाहेको सेवाको नाम सहित तपाईँले ड्युओ मोबाइल लग इन अनुरोध प्राप्त गर्नुहुनेछ।<br><br>आफ्नो मोबाइल उपकरणमा, सो सूचना छनोट गर्नुहोस् र तपाईँलाई अनुरोध स्वीकार वा अस्वीकार गर्न प्रम्प्ट गरिनेछ। तपाईँले यो चरण आफ्नो लकस्क्रिनमा भएको सूचना मार्फत वा ड्युओ मोबाइल एप्लिकेसनमा पूरा गर्न सक्नुहुनेछ।<br><br>1. आफ्नो उपकरणको लकस्क्रिनबाट प्रमाणीकरण गर्नका लागि "स्वीकार गर्नुहोस् (Approve)" छनोट गर्नुहोस्।<br>**वा**<br>2. आफूले दर्ता गरेको उपकरणमा ड्युओ मोबाइल एप्लिकेसन खोल्नुहोस्।<br>3. "१ अनुरोध पर्खिँदै मा ट्याप गर्नुहोस्। टेक्स्टमा प्रतिक्रिया दिन रेस्पन्डमा... ट्याप गर्नुहोस्।<br>4. "स्वीकार गर्नुहोस्" मा ट्याप गर्नुहोस्।<br>5. त्यसपछि आफूले चरण १ मा खोलेको वेब ब्राउजरमा फर्किनुहोस्, र तपाईँ सो सेवामा लगइन भैसकेको हुनुपर्दछ।<br><br>यदि तपाईँले पहल नगरेको ड्युओ मोबाइल लगइन अनुरोध प्राप्त गर्नुभयो भने, "अस्वीकार गर्नुहोस् (Deny)" छनोट गर्नुहोस्। यदि तपाईँ ड्युओ मोबाइल एप्लिकेसनमा हुनुहुन्छ भने, तपाईँले अनुरोध अस्वीकार गर्नको कारण छनोट गर्न सक्नुहुन्छ। |
| **चरण ५ख:**<br><br>**मोबाइल उपकरण वा ल्यान्डलाइनद्वारा कल मि**<br><br>1. "कल मि (Call Me)" छनोट गर्नुहोस्।<br>2. तपाईँले ड्युओमा दर्ता गरेको उपकरणमा फोन कल प्राप्त गर्नुहुनेछ। |

3. तपाईंले "ड्युओमा स्वागत छ भन्ने स्वचालित सन्देश सुन्नुहुनेछ। यदि तपाईंले यो फोन कलको अपेक्षा गरिरहनुभएको छैन भने, कृपया फोन काट्नुहोस्। अन्यथा लग इन गर्नका लागि कुनै पनि कि थिच्नुहोस्।"
4. आफ्नो मोबाइल उपकरणमा कुनै पनि कि थिच्नुहोस्।
5. त्यसपछि आफूले चरण १ मा खोलेको वेब ब्राउजरमा फर्किनुहोस्, र तपाईं सो सेवामा लगइन भैसकेको हुनुपर्दछ।

यदि तपाईंले कुनै पनि कि नथिचि फोन काट्नुभयो भने तपाईंको लगइन अनुरोधलाई अस्वीकार गरिनेछ।

**चरण ५ग:**

**मोबाइल उपकरणमा ड्युओ एप्लिकेसन मार्फत पासकोड**

1. "पासकोड राख्नुहोस् (Enter a Passcode)" छनोट गर्नुहोस्।
2. आफ्नो मोबाइल उपकरणको ड्युओ एप्लिकेसनमा जानुहोस्।
3. सेवाको नामको छेउमा भएको हरियो कि आइकनमा ट्याप गर्नुहोस्।
4. तपाईंले छ-अङ्कको पिन नम्बर देख्नुहुनेछ।
5. वेब ब्राउजरमा फर्किनुहोस् र प्रमाणीकरण प्रम्प्टमा माथिको पिन नम्बर राख्नुहोस्।
6. तपाईं सेवामा लग इन भएको हुनुपर्नेछ।

**नोट:** तपाईंसँग इन्टरनेटको पहुँच नहुँदा पनि सेवामा प्रमाणीकरण गर्नका लागि पासकोडको प्रयोग गर्न सकिनेछ।

## विशिष्ट उपकरणहरू

### एन्ड्रोइड (Android)

तपाईंले गुगल प्लेबाट ड्युओ मोबाइल एप्लिकेसन प्राप्त गर्न सक्नुहुनेछ:https://play.google.com/store/apps/details?id=com.duosecurity.duomobile&hl=en

ड्युओ मोबाइलको हालको संस्करणले एन्ड्रोइड ४.० वा माथिकोलाई सपोर्ट गर्छ।

आफ्नो एन्ड्रोइड उपकरणमा ड्युओ प्रयोग गर्ने विषयमा बढी जानकारीका लागि https://guide.duo.com/android क्लिक गर्नुहोस्।

### आइओएस (iOS)

तपाईंले एप स्टोरबाट ड्युओ मोबाइल एप्लिकेसन प्राप्त गर्न सक्नुहुनेछ : https://itunes.apple.com/us/app/duo-mobile/id422663827?mt=8

ड्युओ मोबाइलको हालको संस्करणले आइओएस ७ वा माथिकोलाई सपोर्ट गर्छ।

आफ्नो आइफोनमा ड्युओ प्रयोग गर्ने विषयमा बढी जानकारीका लागि https://guide.duo.com/iphone मा क्लिक गर्नुहोस्।

**विन्डोज फोन (Windows Phone)**

तपाईँले माइक्रोसफ्ट स्टोरबाट ड्युओ मोबाइल एप्लिकेसन प्राप्त गर्न सक्नुहुनेछ:https://www.microsoft.com/en-us/store/p/duo-mobile/9nblggh08m1g

ड्युओ मोबाइलको हालको संस्करणले विन्डोज फोन ८ वा माथिकोलाई सपोर्ट गर्छ। विन्डोज ७ फोनहरूका लागि लिगेसी एप्लिकेसन दस्तावेजहरू हेर्नुहोस्:https://guide.duo.com/windows7-phone

आफ्नो विन्डोज फोनमा ड्युओ प्रयोग गर्ने विषयमा बढी जानकारीका लागि https://guide.duo.com/windows-phone मा क्लिक गर्नुहोस्

**ल्यान्डलाइन (Landline)**

यदि तपाईँ ड्युओ मोबाइल एप्लिकेसन डाउनलोड गर्न सक्नुहुन्न वा ल्यान्डलाइनद्वारा प्रमाणीकरण गर्न चाहनुहुन्छ भने तपाईँले फोन कल प्राप्त गर्न सक्नुहुनेछ।

- प्रमाणीकरण प्रम्प्टमा, "उपकरण (Device)" ड्रप-डाउन मेन्युबाट आफूले फोन प्राप्त गर्न चाहेको उपकरण छनोट वा प्रमाणीकरण गर्न सक्नुहुन्छ।
- "कल मि (Call Me)" बटनमा क्लिक गर्नुहोस् र ड्युओले तपाईँलाई फोन गर्नेछ।
- वेब ब्राउजरमा सेवाका लागि लगइन गर्नका लागि प्रम्प्टलाई सुनेपछि तपाईँले आप्नो फोनमा कुनै पनि कि थिच्न सक्नुहुनेछ।

**पासकोडहरू मार्फत टेक्स्ट सन्देश:**

- तपाईँले आफूले टेक्स्ट प्राप्त गर्न चाहेको उपकरण छनोट गरेर, ड्युओबाट टेक्स्ट प्राप्त गर्न सक्नुहुनेछ (सो उपकरण ड्युओमा दर्ता भएको हुनुपर्नेछ)।
- वेब ब्राउजरमा, प्रमाणीकरण प्रम्प्टमा, आफूले टेक्स्ट प्राप्त गर्न चाहेको उपकरण छनोट गर्नुहोस्।
- "पासकोड राख्नुहोस् (Enter a Passcode)" छनोट गर्नुहोस्।
- एउटा नीलो डाइलग पपअप निस्नेछ जसले "ड्युओ मोबाइलबाट प्राप्त पासकोड वा टेक्स्ट राख्नुहोस् (इन्टर ए पासकोड फ्रम ड्युओ मोबाइल अर ए टेक्स्ट)" भन्नेछ। "मलाई नयाँ कोडहरू टेक्स्ट गर्नुहोस् (Text me new codes)" मा क्लिक गर्नुहोस्।
- तपाईँको फोनमा तपाईँले धेरै पासकोडहरू सहितको टेक्स्ट प्राप्त गर्नुहुनेछ।
- वेब ब्राउजरमा, "लगइन" बटन माथि ती पासकोडहरूमध्ये एउटा राख्नुहोस् र "लग इन"मा क्लिक गर्नुहोस्।
- तपाईँ सेवामा लग इन भएको हुनुपर्नेछ।

ड्युओसँग सेल फोन वा ल्यान्डलाइन प्रयोग गर्नेबारे बढी जानकारीका लागि https://guide.duo.com/other-phones क्लिक गर्नुहोस्।

**उपकरणहरूको व्यवस्थापन**

यदि तपाईं आफूले ड्युओमा दर्ता गरेका उपकरणका लागि विकल्पहरू परिवर्तन गर्न चाहनुहुन्छ भने, तपाईंले निम्न कुरा गर्न सक्नुहुन्छ:

- https://multifactor.umass.edu मा जानुहोस्।
- आफ्नो नेटआइडि र पासवर्ड प्रयोग गरेर लग इन गर्नुहोस्।
- "जारी राख्नुहोस् (continue)" मा क्लिक गर्नुहोस्।
- "**मेरा सेटिङ्हरू र उपकरणहरू (My Settings & Devices)**" मा क्लिक गर्नुहोस्।

पहिले प्रमाणीकरण उपकरण र त्यसपछि प्रमाणीकरण विधि प्रयोग गरेर ड्युओमार्फत प्रमाणीकरण गर्नुहोस्। (प्रमाणीकरण Authentication हेर्नुहोस्)

तपाईंले प्रमाणीकरण गरिसकेपछि, तपाईंले आफूले ड्युओमा दर्ता गरेका उपकरणहरूका लागि विभिन्न विकल्पहरू परिवर्तन गर्न सक्नुहुनेछ। तपाईंले:

- यदि तपाईंले ड्युओ मोबाइल एप्लिकेसन बाट मासाचुसेट्स युनिभर्सिटी एमहर्स्ट अकाउन्ट डिलिट गर्नुभएको छ भने रिएक्टिभेट गर्न सक्नुहुन्छ।
- उपकरणको नाम परिवर्तन गर्न सक्नुहुन्छ।
- उपकरण डिलिट गर्न सक्नुहुन्छ।
- अर्को उपकरण थप्न सक्नुहुन्छ।
- एउटा डिफल्ट उपकरण छनोट गर्नुहोस् जसलाई प्रमाणीकरणका लागि ड्युओले स्वत: प्राथमिकता दिन्छ।
- आफूले चाहेको प्रमाणीकरण विधि प्रयोग गर्नुहोस्।

"सेभ गर्नुहोस् (Save)" बटनमा क्लिक गरेर आफूले गरेका परिवर्तनहरू सेभ गरेको निश्चित गर्नुहोस्।

ड्युओसँग उपकरणहरूको व्यवस्थापन बारे बढी जानकारीका लागि यहाँ https://guide.duo.com/manage-devices क्लिक गर्नुहोस्।